प्रमुख समाचार

- प्रधानमन्त्रीले सबैसित गर्नुभयो नमो ऐपमा एघार वर्षको विकास यात्रामाथि सर्वेक्षणमा भाग लिने आग्रह
- NDA-को एघार वर्षमा देशले आर्थिक पुनरुद्धार र राष्ट्रिय सुरक्षाको नयाँ युग देखेको गृहमन्त्रीको भनाइ
- दुई दिने कार्यशालाले विकसित भारत 2047-को राष्ट्रिय दृष्टिकोणको दिशा तय गर्दछः मुख्यमन्त्री प्रेमसिंह तामाङ
- ओडिशामा सतर्कता विभागद्वारा IAS धीमान चकमालाई घुश लिएको आरोपमा पक्राउ अनि
- UAE-मा भारतीय प्रवासीद्वारा अन्तरराष्ट्रिय योग दिवसअघि योग सत्र आयोजित

PM Survey

प्रधानमन्त्री नरेन्द्र मोदीले सबैसित नमो ऐपमा भारतको विगत एघार वर्षको विकास यात्रामाथि सर्वेक्षणमा भाग लिने आग्रह गर्नुभएको छ। आफ्नो सोशल मिडिया पोस्टमा श्री मोदीले एउटा पोर्टलको लिङ्क पनि साझा गर्नुभयो। यसमा कुनै पनि मानिसले विगत एघार वर्षमा भारतको विकास यात्राको बारेमा जन मन सर्वेक्षणमा भाग लिन सक्छन्।

यसैबीच गृह मन्त्री अमित शाहले भन्नुभएको छ, मोदी सरकारको एघार वर्षको कार्यकालमा देशले आर्थिक पुनरुद्धार, सामाजिक न्याय, सांस्कृतिक गौरव र राष्ट्रिय सुरक्षाको नयाँ युग देखेको छ। श्री शाहले भन्नुभयो, यो ऐतिहासिक एघार वर्ष जनसेवाप्रति संकल्प, समर्पण र निष्ठाको स्वर्णिम युग रह्यो। उहाँले भन्नुभयो, मोदी सरकारले जब नेतृत्व स्पष्ट हुन्छ, संकल्प अटल हुन्छ अनि नियत जनसेवामाथि केन्द्रित हुन्छ तब सेवा, सुरक्षा र सुशासनको नयाँ माइलखुट्टी प्राप्त हुन्छ भन्ने कुरा साबित गरेको छ। उहाँले भन्नुभयो, जनसेवाका यी वर्षहरूमा न्यूनतम सरकार, अधिकतम शासनको दृष्टिकोणले देशको विकासको गति र स्तर दुवैलाई परिवर्तन गरेको छ। श्री साहले प्रधानमन्त्री श्री मोदीले किसानहरू, महिलाहरू, पछाड़िएको वर्ग, दलित र वञ्चितहरूलाई शासनको केन्द्रमा ल्याउनका साथै तुष्टिकरणको स्थानमा सबैको साथ, सबैको विकास, सबैको विश्वास र सबैको प्रयासमाथि आधारित कार्य संस्कृतिलाई अपनाएको बताउनुभयो। राष्ट्रिय सुरक्षाको क्षेत्रमा सरकारको उपलब्धीमाथि श्री शाहले भन्नुभयो, नक्सलवादले आफ्नो अन्तिम साँस फेरिरहेछ र जम्मू-कश्मीर तथा पूर्वोत्तरमा शान्ति स्थापित भएको छ। उहाँले भन्नुभयो, भारतले अब आतंकवादीहरूको आक्रमणको जवाफ आतंकवादीहरूको घरमा पसेर दिँदछ।

---------------------------------------X---------------------------------------

CM Inaugurates Two-Day Workshop

विकसित भारत @2047-माथि आयोजित दुई दिवसीय कार्यशालाको उदघाटनीय सत्रमा बोल्दै मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभयो, यस कार्यक्रमले विकसित भारत 2047-को राष्ट्रिय दृष्टिकोणको दिशा तय गर्दछ। केन्द्रमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन तथा राज्यमा सिक्किम क्रान्तिकारी मोर्चा सरकार गठनको अवसरमा गान्तोकको मनन् केन्द्रमा आयोजित कार्यक्रममा उहाँले यो वृहत लक्ष्य प्राप्त गर्न विकसित सिक्किमको निर्माण आवश्यक छ भन्दै राज्यको विकासात्मक मार्गचित्र तयार गर्न वर्तमानमा एउटा व्यापक भिजन दस्तावेजको मसौदा तयार गरिँदैगरेको बताउनुभयो।

यसअघि मुख्यमन्त्रीले NDA सरकारको तेस्रो कार्यकालको पहिलो एक वर्ष पूरा भएको अवसरमा प्रधानमन्त्रीलाई बधाई दिनुभयो, जुन सेवा, सुशासन र विपन्न वर्गको कल्याणमा समर्पित कार्यकाल हो।

श्री तामाङले वैश्विक शक्ति बन्ने दिशामा भारतको बढ्दो पहलमाथि जोड़ दिँदै सबैको साथ, सबैको विकास, सबैको विश्वास र सबैको प्रयास जस्तो प्रधानमन्त्री नरेन्द्र मोदिको समावेशी भिजनमाथि प्रकाश पार्नुभयो।

---------------------------------------X---------------------------------------

IAS-Bribe

ओडिशामा सतर्कता विभागले आज 2021 ब्याचका भारतीय प्रशासनिक सेवाका अधिकारी धीमान चकमालाई कालाहाँडी जिल्लाको धर्मगढ़मा एकजना व्यवसायीबाट दश लाख रूपियाँको घुश लिएको आरोपमा पक्राउ गरेको छ। IAS अधिकारी वर्तमानमा धर्मगढ़का उप-जिल्लाधीशका रूपमा कार्यरत छन्। उनको आधिकारिक आवासबाट सैंतालीस लाख रूपियाँभन्दा अधिकको नकद राशि पनि जफ्त गरिएको छ। उनी कथित रूपमा कालाहाँडी जिल्लामा क्रशर एकाई चलाउने एकजना व्यवसायीबाट बीस लाख रूपियाँको घुस मागिरहेका थिए अनि सतर्कता अधिकारीहरूले उनलाई दश लाख रूपियाँको पहलो किस्ता लिँदै गरेको रंगे हात पक्रिए। ओडिशा सतर्कता विभागले मामिलाको जाँच गरिरहेछ।

---------------------------------------X---------------------------------------

CEC-Sweden

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले स्वीडेनमा प्रवासी भारतीयहरूसित कुराकानी गर्नुभयो। श्री कुमार दशदेखि बाह जुनसम्म आयोजित चुनावी अखण्डतामाथि अन्तरराष्ट्रिय आइड्या स्टकहोम सम्मेलनमा शामेल हुन स्वीडेनको यात्रामा हुनुहुन्छ। श्री कुमारले गैर-निवासी भारतीयहरू (NRI) र प्रवासी भारतीयहरू (OCI)-बीच समावेशी भागीदारी र नागरिक सम्पर्कमाथि निर्वाचन आयोग केन्द्रित रहेको कुरा दोहोऱ्याउनुभयो। उहाँले अनलाइन मतदाता पञ्जीकरण प्रणाली र डाक मतपत्र प्रबन्धन प्रणालीको इलेक्ट्रोनिक प्रसारण जस्ता पहलहरूबारे बताउनुभयो। यसको उद्देश्य विदेशी मतदाताहरूको अधिक भागीदारी सुनिश्चित गर्नु हो।

स्टकहोम सम्मेलनले चुनावी अखण्डताका लागि समकालीन चुनौतीहरूमाथि विचार-विमर्श गर्न चुनाउ प्रबन्धन निकायका प्रमुख, नीति निर्माता र संस्थागत प्रमुखहरूलाई एकैसाथ एउटा मञ्चमा ल्याउँदछ। सम्मेलनको मुख्य क्षेत्रमा गलत सूचना, डिजिटल व्यवधान, चुनावी सुरक्षा, जलवायु जोखिम र चुनाउहरूमा कृत्रीम बुद्धीमताको भूमिका समावेश छ।

---------------------------------------X---------------------------------------

UAE-Yoga

संयुक्त अरब अमीरातमा भारतीय प्रवासीहरूले अन्तरराष्ट्रिय योग दिवसअघिको गतिविधिको भागका रूपमा देशभरि प्रमुख स्थलहरूमा योग सत्र आयोजन गरिरहेछन्। विभिन्न सामुदायिक समूहले स्वास्थ्य, जागरूकता र एकतालाई प्राथमिकता दिन दुबई र शारजाहका सबैभन्दा प्रख्यात स्थानहरूमा अभ्यास सत्र आयोजन गरेको छ।

दुबईमा अरब क्षेत्र योग प्रशिक्षक परिषदले विश्वको सबैभन्दा जटिल संरचनाहरू र दुबईको प्रतिष्ठित स्थान: द म्यूजियम अफ द फ्यूचरमा सत्र आयोजन गरेर अन्तरराष्ट्रिय योग दिवस 2025-का लागि महिनाभरिको उल्टा गन्ती शुरू गऱ्यो। दुबई फ्रेममा, इण्डियन पीपुल्स फ़ोरम MP काउन्सिलका सदस्यहरूले विश्वको सबैभन्दा ठूलो पिक्चर फ्रेम संरचना नजिक विभिन्न योग आसन र श्वास तकनीकको प्रदर्शन गरे। सत्रको उद्देश्य योग अभ्यास र वैश्विक स्वास्थ्य पहलबीच सम्बन्ध प्रदर्शित गर्दै जागरूकता, एकता र कल्याणलाई प्राथमिकता दिनु थियो।

---------------------------------------X---------------------------------------

QCI Accredited

भारतीय गुणवत्ता परिषद (QCI)-ले आज नयाँ दिल्लीमा विश्व प्रत्यायन दिवस 2025 पालन गऱ्यो। यस वर्षको विषय हो प्रत्यायन: लघु तथा मध्यम उद्यमहरूलाई सशक्त बनाउनु। यसले MSME-का लागि प्रतिस्पर्धात्मकता, बजार पहुँच र विश्वसनीयता बढ़ाउनमा प्रत्यायनको रणनीतिक भूमिकालाई परिषाभित गर्दछ। यस अवसरमा उद्योग तथा आन्तरिक व्यापार संवर्धन विभागका सचिव अमरदीप सिंह भाटियाले भारतीय लघु तथा मध्यम उद्यमहरूलाई घरेलू तथा वैश्विक दुवै बजारसम्म पहुँचका लागि सक्षम बनाउनमा रहेको प्रत्यायनको महत्त्वमाथि जोड़ दिनुभयो। उहाँले भन्नुभयो, गुणवत्ता बनाइ राख्न, निर्यातलाई समर्थन गर्न र समावेशी तथा सतत विकासलाई प्राथमिकता दिने माध्यमबाट आत्मनिर्भर भारत तथा 2047 सम्ममा विकसित भारतको भिजनका लागि प्रमाणन र मूल्यांकन निकाय महत्त्वपूर्ण छन्।

---------------------------------------X---------------------------------------

Assam RS Elections

असममा असम गण परिषदका बीरेन्द्र प्रसाद बैश्य र भाजपाका कणाद पुरकायस्थले आज राज्यबाट आगामी राज्यसभा चुनाउका लागि असम विधानसभाका अध्यक्ष समक्ष नामांकन दर्ता गरे। भाजपाले दिवंगत केन्द्रिय मन्त्री तथा राज्य भाजपा सह-संस्थापक कबीर पुरकायस्थका छोरा कणाद पुरकायस्थलाई उम्मेदवार बनाएको छ। राज्यबाट दुई निवर्तमान राज्यसभा सदस्य मिशन रञ्जन दास भाजपाबाट अनि बीरेन्द्र प्रसाद बैश्य असम गण परिषदबाट छन्।

---------------------------------------X---------------------------------------

Army Vijaya Diwash

सेना छब्बीसऔं कारगिल विजय दिवसको उपलक्ष्यमा स्मरणोत्सव कार्यक्रमको श्रृंखला शुरू गर्नका लागि तयार छ। छब्बीस जुलाईसम्म चल्ने यस कार्यक्रममा राष्ट्रका सीमाहरूको रक्षा गर्ने नायकहरूको अदम्य सेवा, बलिदान र साहसको सम्मान गरिनेछ। सेनाकाअनुसार यस वर्षको कार्यक्रममा स्थानीय समुदायहरूलाई शामेल गर्ने अनि युद्ध नायकहरूको स्मरणलाई सम्मानित गर्ने साथै युद्धको महत्त्वपूर्ण अपरेशन र कार्यक्रमको विशेष संगम प्रस्तुत गरिनेछ।

यसै सप्ताहबाट शुरू हुने एक विशेष अभियानमा कारगिल युद्धमा सर्वोच्च बलिदान दिने युद्ध नायकहरूका परिजनलाई सम्मानित गरिनेछ। यस अभियानमा पाँच सय पैंतालीस परिजनहरूलाई उनीहरूको निवास स्थानमा सम्मानित गरिनेछ। सेनाका जवानहरूको

एउटा दलले आभार पत्रका साथ पच्चीसवटा राज्य, दुईवटा केन्द्रशासित प्रदेश र नेपालको भ्रमण गर्नेछ। यसअवधि जवानका परिजनहरूको गुनासोको पनि समाधान गरिनेछ।

--------------------------------------X--------------------------------------

Meghalaya RR

मेघालयका उपमुख्यमन्त्री प्रेस्टोन तिनसोङले राजा रघुवंशीको हत्याको सिलसिलामा चारजना व्यक्तियहरूलाई पक्राउ गरिएको पुष्टि गर्नुभएको छ। सोनम रघुवंशीद्वारा आफ्ना तीस वर्षीय पति राजा रघुवंशीलाई भाड़ाका हत्याराहरूद्वारा हत्याको मामिलामा पुलिस सामु आत्मसमर्पण गरेको तत्कालै उपमुख्यमन्त्रीले पत्रकारहरूलाई बताउनुभयो कि रहल एकजना संदिग्धको खोजी गरिँदैछ। उहाँले भन्नुभयो, सोनमले स्वेच्छाले आत्मसमर्पण गरेकी छन् अनि पक्ड़िएका सबैजनालाई अघिल्लो जाँका लागि शिलङ ल्याइनेछ।

--------------------------------------X--------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीले सबैसित गर्नुभयो नमो ऐपमा एघार वर्षको विकास यात्रामाथि सर्वेक्षणमा भाग लिने आग्रह
- NDA-को एघार वर्षमा देशले आर्थिक पुनरुद्धार र राष्ट्रिय सुरक्षाको नयाँ युग देखेको गृहमन्त्रीको भनाइ
- दुई दिने कार्यशालाले विकसित भारत 2047-को राष्ट्रिय दृष्टिकोणको दिशा तय गर्दछः मुख्यमन्त्री प्रेमसिंह तामाङ
- ओडिशामा सतर्कता विभागद्वारा IAS धीमान चकमालाई घुश लिएको आरोपमा पक्राउ अनि
- UAE-मा भारतीय प्रवासीद्वारा अन्तरराष्ट्रिय योग दिवसअघि योग सत्र आयोजित